फक्ताङलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तापेथोक, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः ५ | मितिः २०८०/०७/०२

**भाग-२**

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम फक्ताङलुङ गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०६/३०

## खेलकुद विकास समिति (गठन तथा परिचालन) कार्यविधि, २०८०

<u>प्रस्तावना:</u> फक्ताङलुङ गाउँपालिकाभित्रका युवाहरुलाई विभिन्न विद्याका खेलकुदको माध्यमबाट सक्षम, अनुशासित र गतिशील बनाई राख्न, शारीरिक तथा मानसिक विकास गर्न, अनुसाशन, विकास र गतिशीलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राख्दै राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याती आर्जन गर्ने, सभ्य र समुन्नत समाज निर्माण गर्ने उद्देश्यलाई पूरा गर्न प्रत्येक वडास्तरदेखी खेलप्रेमी युवाको नेतृत्वमा फक्ताङलुङ गाउँपालिका क्षेत्रभित्रका खेलाडीहरुलाई सहभागी गराउन एवं गाउँपालिकाभित्र रहेका खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमन गर्न खेलकुद विकास समिति गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४" बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "खेलकुद विकास समिति (गठन तथा परिचालन) कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यपालिका" भन्नाले फक्ताङलुङ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "खेलकुद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ ।

(ग) "संयोजक" भन्नाले खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले खेलकुद विकास समितिको सदस्य सम्झनु पर्छ ।

(ङ) "सदस्य-सचिव" भन्नाले खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(च) "प्रशिक्षक" भन्नाले फक्ताङलुङ गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणको प्रशिक्षक सम्झनु पर्छ ।

(छ) "प्रशिक्षार्थी" भन्नाले गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थाका खेलाडी सम्झनु पर्छ ।

(ज) "अध्यक्ष" भन्नाले फक्ताङलुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(झ) "उपाध्यक्ष" भन्नाले फक्ताङलुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फक्ताङलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) "युवा" भन्नाले सोह्र वर्षदेखी चालीस वर्षसम्मको उमेर भएको गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २
## खेलकुद विकास समितिको गठन, काम, कर्तव्य र अधिकार



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

३. <u>खेलकुद विकास समितिको गठन</u> : (१) गाउँपालिकाको क्षेत्रमा खेलकुदको विकास गर्नको लागि खेलकुद विकास समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहनेछन् :-

(क) गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति - संयोजक

(ख) विभिन्न खेलकुदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित २ जना - सदस्य

(ग)खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीमध्ये १ जना महिला सहित कार्यपालिकाबाट मनोनित बढीमा २ जना - सदस्य

(घ) वडा खेलकुद विकास समितिका संयोजक ७ जना - सदस्य

(ङ)गाउँ स्तरका खेलकुद सम्बन्धी संघ संस्थाका १ जना महिला सहित संयोजकबाट मनोनित २ जना — सदस्य

(च) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

(३) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्नु पर्नेछ ।

(५) आवश्यकता अनुसार विषयगत खेलकुद विकास समितिहरु गठन गर्न सकिनेछ ।

(६) समितिका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ । स्थानीय तहको निर्वाचन पश्चात पुन यहि कार्यविधि बमोजिमको समितिहरु गठन हुनेछ ।

४. <u>खेलकुद समितिको काम, कर्तव्य र अधिकार :</u> (१) दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

(क) गाउँपालिका स्तरीय वार्षिक खेलकुद क्यालेण्डर र बजेट स्वीकृत गर्ने,

(ख) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण, योजना निमार्ण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा., जिल्ला, प्रदेश र संघमा पठाउने,

(घ) विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने, गराउने,

(ङ) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(च) खेलकुद सम्बन्धी क्लव, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(छ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवं निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरि प्रोत्साहित गर्ने,

(ज) खेलकुद विकासको लागि आवश्यकतानुसार संम्भव भए सम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(झ) खेलाडीको स्तरवृद्धिको लागि आवश्यकतानुसार तालिमको व्यवस्था गर्ने,

(ञ) विपन्न तथा उत्कृष्ट खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्तिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ट) कानूनतः दर्ता भएको खेलकुदसँग सम्बन्धित गाउँपालिकाभित्रका क्लव तथा संस्थाहरूको अभिलेख राख्ने र

(ठ) खेलकुद विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने, गराउने ।

५. <u>कार्यक्रम सञ्चालक समिति</u> : (१)खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिन तथा गाउँपालिका परिसरभित्र खेलकुदका विभिन्न क्रियाकलाप सञ्चालन गर्न देहायका एक कार्यक्रम सञ्चालक समिति रहनेछ:-

(क) गाउँपालिका अध्यक्ष - प्रमुख

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग)सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ)गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य-सचिव



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

(२)कार्यक्रम सञ्चालक समितिले खेलकुद विकास समिति वा अन्य खेलकुद सम्वन्धी संस्था/समितिहरुलाई खेलकुद विकासको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्नु सो संस्था/समितिको कर्तव्य हुने छ ।

## परिच्छेद-३

## वडा खेलकुद विकास समितिको गठन, काम, कर्तव्य र अधिकार

६. वडा खेलकुद विकास समितिको गठन : (१) वडास्तरमा खेलकुदको विकास गर्नका लागि प्रत्येक वडामा ५ सदस्यीय वडा खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) वडा अध्यक्षले तोकेको व्यक्ति - संयोजक

(ख) वडाभित्रका खेलकुद विज्ञ तथा पूर्व खेलाडी मध्ये वडा समितिबाट कम्तिमा १ जना महिला सहित मनोनित २ जना - सदस्य

(ग)वडाभित्रका खेलकुद संस्था/समिति/क्लवका संयोजकवाट मनोनित १ जना - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

७. वडा खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :(१) वडा खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडास्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ख) वडास्तरीय खेलकुदका लागि योजना, भौतिक पूर्वाधार निर्माण तथा खेलकुद विकासका लागि वडा समितिलाई राय, सुझाव दिने,

(ग)खेलकुद विकास समितिलाई खेलकुद विकास सम्वन्धी विषयमा राय, सुझाव दिने,

(घ) कानूनतः दर्ता भएको खेलकुदसँग सम्बन्धित वडा भित्रका क्लव/संस्थाहरूका अभिलेख राख्ने,

(ङ)खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने, गराउने ।

## परिच्छेद-४

## खेलकुद विकास समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

८. खेलकुद विकास समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः- खेलकुद विकास समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः



जवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

(१) <u>संयोजकको काम, कर्तव्य र अधिकार</u>

(क) खेलकुद विकास समितिको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग)बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) समितिका निर्णयहरु लागू गर्ने, गराउने ।

(च) समितिले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) समितिले तोकेको बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) <u>सदस्य सचिवको काम, कर्तव्य र अधिकार:</u>

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) समितिको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) <u>सदस्यहरुको काम,कर्तव्य र अधिकार</u>

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ग) आवश्कता अनुसार संयोजकको काममा सघाउने ।

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) <u>सदस्यहरुको योग्यता</u> : देहायका कुनै व्यक्ति सदस्य हुन योग्य हुनेछ;



जतीन तेवे
प्रमुख प्रशासकिय अधिकृत

(क) फक्ताङलुङ गाउँपालिका क्षेत्रभित्रका नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय नपाएको,

(ग)मजग नबिग्रेको र

(घ) १८ वर्ष उमेर पूरा भएको ।

(५) समितिको बैठक : (१) संयोजकको आदेशानुसार सदस्य सचिवले समितिको बैठक आवाहन गर्नेछ ।एक तिहाई सदस्यहरुले मनासिव माफिक कारण देखाई संयोजक समक्ष बैठक बोलाउन लिखित अनुरोध गरेमा संयोजकले सात दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(२) संयोजकको अनुपस्थितीमा सदस्यहरुका सहमतिमा एक जना सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्यको साठी प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक ३/३ महिनामा अनिवार्य वस्नु पर्नेछ । विशेष परिस्थितिमा आवश्यकतानुसार बैठक बस्न सक्नेछ ।

(५) बैठकको निर्णय उपस्थित सदस्यको बहुमतले हुनेछ । लगातार तिन वटा बैठकमा कुनै सदस्य अनुपस्थित भएमा संयोजक समक्ष लिखित जवाफ पेश गर्नु पर्नेछ ।

(६) बैठक सम्वन्धी अन्य व्यवस्था समितिले आफै तयारी गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५

## खेलकुद विकास कोषको व्यवस्था

९. खेलकुद विकास कोषको व्यवस्था : (१) खेलकुद सम्वन्धी तालिम, प्रशिक्षण, प्रतियोगिताका लागि गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।कोषको श्रोतहरु देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाले खेलकुद शिर्षकमा विनियोजित रकम,

(ख) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, लिल्ला खेलकुद विकास समिति र कुनै संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन हुने रकम,



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

(घ) गाउँपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग खेलकुद विकास वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम।

(ङ) समितिका सदस्यहरुबाट प्राप्त सहयोगको रकम।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको नाममा प्राप्त हुने सबै रकम समितिको नाममा रहेको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालित वैंक खातामा जम्मा गर्नु पर्नेछ।

(३) गाउँपालिकाबाट विनियोजित बजेटबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिम खेलकुद कार्यक्रम वा अन्य खेलकुद सम्बन्धी खर्चको भुक्तानी पेश्की वा विल भर्पाईको आधारमा खेलकुद विकास समितिको खातामा जम्मा हुनेछ ।

(४) वडा स्तरको प्रस्ताव वमोजिम सञ्चालन भएको खेलकुद कार्यक्रम वा खेलकुद सम्वन्धित खर्चहरु विल भर्पाई बमोजिम खेलकुद विकास समितिको खातामा जम्मा हुनेछ । खेलकुद विकास समितिले वडा खेलकुद विकास समितिको खातामा वा सोझै नगद भुक्तानी गर्न सक्नेछ ।

(५) वडा खेलकुद विकास समितिको खाता वडा खेलकुद विकास समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट वैंकमा सञ्चालन हुनेछ । वडा खेलकुद विकास समितिलाई प्राप्त सहयोग रकम सो खातामा जम्मा गरी खर्च गर्नु पर्नेछ ।

१०.<u>खेलकुद सम्वन्धी समितिले हिसाव राख्नु पर्ने:</u> (१) खेलकुद सम्वन्धी आम्दानी खर्चको हिसावको श्रेस्ता समितिले तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

११.<u>सदस्यहरुका भत्ता</u>:

(१) खेलकुद विकास समिति र वडा खेलकुद विकास समितिका सदस्यले बैठकमा भाग लिएका दिन कार्यपालिकाले निर्धारण गरी दिए बमोजिमको खाना तथा खाजा खर्च वापतको रकम पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वर्षभरीमा बढीमा चार पटकसम्म बस्ने बैठकको लागि मात्र खाना तथा खाजा खर्चको रकम उपलब्ध गराईनेछ ।



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

१२.कार्यक्रम तथा बजेटः खेलकुद विकासको लागि खेलकुद विकास समितिले वार्षिक कार्यक्रम तय गर्दा ७ वटै वडाहरुको वार्षिक कार्यक्रम तय गरी एकमुष्ठ गाउँपालिका स्तरीय वार्षिक बजेट तथा कार्यक्रम तय गर्नु पर्नेछ ।खेलकुद विकास समितिको वार्षिक कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गराई सो रकमको खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-६
## खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन

१३. खेलाडीहरुलाई स्वागत कार्यक्रम : गाउँपालिकाले खेलकुद विकास समितिको सिफारिसमा राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत, सम्मान, बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

१४.खेलकुद प्रतियोगिता सञ्चालन :

(१) वडाका विभिन्न टोल तथा बस्तीहरुबाट प्रतिभाशाली र उत्कृष्ट खेलाडीहरु छनौट गरी वडा स्तरको खेलाडी छनौट गरिनेछ ।वडास्तरको उत्कृष्ट खेलाडीहरुबाट गाउँपालिका स्तरको खेलाडिहरुमा छनौट गरिनेछ ।

(२) खेलकुद विकास समितिले स्वयम् वा दर्ता भएका टिम, क्लब वा संघ संस्था मार्फत अन्तर पालिकास्तरीय विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्नेछ ।

(३) वडा खेलकुद विकास समितिले गाउँपालिका भरिको वडाहरुलाई समेटी वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्नेछ ।

(४) नगद पुरस्कार वा अन्य खेल व्यवस्थापन सम्बन्धी खर्चको सीमा कोषको अवस्था अनुसार खेलकुद विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५.खेलकुद प्रतियोगितामा सहभागीताः

(१) अन्तरस्थानीय तह, जिल्ला, प्रदेश वा राष्ट्रिय स्तरका खेलकुदहरुमा गाउँपालिका क्षेत्रका उत्कृष्ट खेलाडी वा टिमको छनौट गरी सहभागी गराउन सकिनेछ ।

(२) सहभागीहरुको खर्चको मापदण्ड खेलकुद विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै विषय उल्लेख भए पनि वडाबाट गाउँपालिका स्तरमा र गाउँपालिकाबाट अन्तर स्थानीय तह, प्रदेश वा राष्ट्रिय स्तरमा सहभागी



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

भइ नगद पुरस्कार प्राप्त गरेमा सो पुरस्कारको ५० प्रतिशत रकम खेलकुद विकास कोषमा जम्मा गर्नु पर्नेछ।

१६. <u>खेलकुद तालिम तथा प्रशिक्षण सञ्चालन :</u>

(१) खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम तथा प्रशिक्षण दिनेछ ।

(२) खेलकुद विकास समितिको सीफारिस अनुसार प्रशिक्षार्थीहरु गाउँपालिका बाहिर प्रशिक्षणमा समावेश हुन पाउनेछन् ।

(३) गाउँपालिका क्षेत्रभित्र कुनै खेल प्रशिक्षण गर्नु परेमा खेल प्रशिक्षकको लागी सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक र एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिने छ ।यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

(४) प्रशिक्षणको लागि प्रशिक्षार्थीहरुको छनौट खेलकुद विकास समितिले गर्नेछ ।प्रशिक्षणको लागि आवश्यक सामग्रीहरु खलकूद विकास समितिबाट उपलब्ध हुनेछ ।प्रशिक्षणको समय अवधि, स्थान र प्रशिक्षार्थीहरुका शुल्क वा अन्य आम्दानी र खर्च सम्वन्धीको कार्यविधि खेलकुद विकास समितिले स्वीकृत भए बमोजिम हुनेछ ।

१७. <u>समितिले स्वीकृति लिनु पर्ने :</u> खेलकुद सम्वन्धी प्रतियोगितामा गाउँपालिका भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिले गाउँ कार्यपालिका देखी स्वीकृति लिनु पर्नेछ ।

१८. <u>अनुशासनको कारवाही :</u> खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचार संहित लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचार संहिताको उलंघन गरेमा समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी खेलकुद विकास समितिले निलम्वन गर्न सक्नेछ ।

१९. <u>नगद पुरस्कार तथा सम्मान :</u> उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट नगद पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।



नवीन तेजे
प्रमुख प्रशासकिय अधिकृत

२०. आचार संहिता : खेल सम्बन्धी देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ;

(१) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(२) प्रतिस्पर्धी टिमले तोकिए भन्दा बाहेक टिम बनाउन पाइने छैन ।

(३) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(४) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएका खेलाडीलाई टिमबाट हटाइनेछ ।

(५) खेलको शिल्ड, ट्रफि कहिकतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन ।

(६) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(७) गाउँपालिकाको समन्वयमा खेलकुद विकास समितिले आवश्यकता अनुसार अन्य आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद-७
## विविध

२१. वार्षिक प्रतिवेदन :

(१) वडा खेलकुद विकास समितिले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आ.व. समाप्त भएको एक महिनाभित्र सम्वन्धित वडाको वडा अध्यक्ष र खेलकुद विकास समिति समक्ष पेश गर्नु पर्दछ ।

(२) खेलकुद विकास समितिले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आ.व. समाप्त भएको मितिले एक महिनाभित्र गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२२. समितिको कार्यालय : खेलकुद विकास समितिको कार्यालय प्रयोजनको लागि कोठा भाडामा लिन सकिनेछ ।

२३. कर्मचारी व्यवस्थापन : खेलकुद विकास समितिको कामलाई व्यवस्थित बनाउनको लागि समितिले सहायक स्तरको एक कर्मचारीको व्यवस्था गर्न सक्नेछ ।

२४. कार्यविधिको व्यख्या : यो कार्यविधिको अन्तिम व्यख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

२५. कार्यविधि संसोधन : यो कार्यविधि कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।



नवीन तेली
प्रमुख प्रशासकिय अधिकृत

२६. <u>बाधा अड्काउ फुकाउने :</u> यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,<br>
श्री नवीन तेम्बे<br>
प्रमुख प्रशासकीय अधिकृत